रुरुक्षेत्र गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड:०६ संख्या:३ मितिः २०७९/०३/१९(अतिरिक्तांक)

भाग-१

रुरुक्षेत्र गाउँपालिका

गुल्मी, लुम्बिनी प्रदेश

## रुरुक्षेत्र गाउँपालिकाको विद्युत महसुल छुट दिने सम्बन्धी कार्यविधि, २०७९

सम्बत २०७९ को *कार्यविधि* नं. ३ गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :२०७९/०३/१९

## रुरुक्षेत्र गाउँपालिकाको विद्युत महसुल छुट दिने सम्बन्धी कार्यविधि, २०७९

प्रस्तावना- गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम, बजेट अनुसार लोक कल्याणकारी अवधारणा कार्यान्वयनका लागि विद्युत सेवा प्रयोग गर्ने यस रुरुक्षेत्र गाउँपालिकाका जनताहरुको विद्युत सेवा प्रयोग लाई सर्बसुलभ बनाउन न्यूनतम विद्युत युनिट खपत गर्ने जनताको न्यूनतम शुल्क गाउँपालिकाबाट भुक्तानी गर्ने नीति तथा कार्यक्रम कार्यान्वयनको लागि कार्यविधि निर्माण गरी लागु गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी रुरुक्षेत्र गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद-१

**प्रारम्भिक**

१. यस कार्यविधिको नाम रुरुक्षेत्र गाउँपालिका विद्युत महसुल छुट दिने सम्बन्धी कार्यविधि, २०७९ हुनेछ ।

२. यो कार्यविधि मिति २०७९ कार्तिक १ देखी लागु हुनेछ ।

२.१ परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

क. गाउँपालिका भन्नाले रुरुक्षेत्र गाउँपालिकालाई संभ्फनुपर्दछ ।

ख. गाउँ कार्यपालिका भन्नाले रुरुक्षेत्र गाउँ कार्यपालिकालाई संभ्फनुपर्दछ ।

ग. अध्यक्ष भन्नाले रुरुक्षेत्र गाउँपालिकाका अध्यक्षलाई संभ्फनुपर्दछ ।

घ. प्रमुख प्रशासकीय अधिकृत भन्नाले गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई संभ्फनुपर्दछ ।

ङ. विद्युत महसुल छुट भन्नाले रुरुक्षेत्र गाउँपालिका अन्तर्गत न्यूनतम २० युनिट सम्म प्रयोग गर्ने ग्राहकहरुको महसुल गाउँपालिकाबाट भुक्तानी गरिदिने प्रक्रियालाई सम्भ्फनुपर्दछ ।

### परिच्छेद २

**छुट उपलब्ध गराउन सक्ने मापदण्ड**

३. गाउँपालिकाले रिडी उप वितरण केन्द्र, रुरुक्षेत्र-१ बाट सेवा प्राप्त गर्ने ग्राहकहरुको मिति २०७९ असार र श्रावण महिनामा ग्राहकहरुले महसुल भुक्तानी गरेको रेकर्ड माग गर्ने । अन्य ग्रामिण विद्युतिकरण उ.स. को हकमा मासिक रुपमा ग्राहकहरुले उपयोग गरेको महसुललाई आधार मान्ने ।

४. सो रेकर्डको आधारमा उक्त दुई महिना मध्ये कुनै एक महिनामा न्यूनतम २० युनिट सम्म खपत गरेका ग्राहकहरुलाई छुट उपलब्ध गराउने । यसरी ग्राहकहरुको रकम भुक्तानी गर्दा विपन्न परिवारको व्यक्तिको विवरण छुट हुन गएमा त्यस्ता व्यक्तिहरुले वडा कार्यालयमा निबेदन दिने, वडा कार्यालयले त्यस्ता निबेदन संकलन गरी गाउँपालिकामा

सिफारिस सहित पठाउने र त्यस्ता निबेदन सम्बन्धमा गाउँ कार्यपालिकामा छलफल गरी आबश्यक निर्णय गर्ने छ ।

५. यस गाउँपालिका भित्रका घरधुरीहरु मध्ये न्यूनतम २० युनिट सम्म खपत गर्ने ग्राहकहरुको रकम गाउँपालिकाले सीधै भुक्तानी गर्ने प्रयोजनको लागि अनुसूची-१ मा रहेका संस्थाहरुलाई अग्रिम ६ महिनाको रकम निकासा गर्ने । ६. रिडी उप वितरण केन्द्र, रुरुक्षेत्र-१ ले ग्राहकको खातामा अग्रीम जम्मा गरी कार्यान्वयन गर्ने र अन्य ग्रामिण विद्युतिकरण उ.स. हरुले संस्थाको बैंक खातामा रकम जम्मा गरी प्रत्येक महिना भुक्तानी गर्दै जाने व्यवस्था मिलाउनु पर्नेछ ।

७. रकम जम्मा गरेको नगदी रसिद सम्बन्धित संस्थाले गाउँपालिकामा पेश गर्नुपर्ने छ ।

## परिच्छेद-३

**बजेटको व्यवस्था**

८. यो कार्यविधि कार्यान्वयन गर्न आबश्यक बजेटको व्यवस्था गाउँपालिकाले गर्नेछ ।

## परिच्छेद-४

**विविध**

९. संशोधन- यो कार्यविधिमा संशोधन गर्नुपरेमा गाउँ कार्यपालिकाको निर्णय अनुसार संशोधन गर्न सकिने छ ।

**१०. खारेजी र बचाउः**

क. यो कार्यविधि संघीय, प्रदेश ऐन, नियमाबली, कार्यविधिहरुसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

ख. यो कार्यविधि बन्नुअघि भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

न्यूनतम विद्युत महसुल छुट दिने सम्बन्धमा गाउँपालिकाले रकम भुक्तान गर्ने संस्थाहरु

| क.सं. | संस्थाको नाम |
|---|---|
| १. | रिडी उप वितरण केन्द्र, रुरुक्षेत्र-१ |
| २. | थानपति ग्रामिण विद्युतिकरण उ.स., रुरुक्षेत्र-३ |
| ३. | बलेटक्सार ग्रामिण विद्युतिकरण उ.स., रुरुक्षेत्र-४ |
| ४. | रिमुवा ग्रामिण विद्युतिकरण उ.स., रुरुक्षेत्र-६ |

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :- २०७९/०३/१९

आज्ञाले

मधुकृष्ण पौड्याल

प्रमुख प्रशासकीय अधिकृत